# सरकारी जागिर छोडी नाम र दामसहित प्रेरणाको स्रोत बन्दै पौडेल



**चितवन :** उद्यमी, व्यवसायी तथा इमानदारीपूर्वक काम गर्नेका लागि नेपाल नेपाल उर्वरभूमि रहेको दृष्टान्त अनेकौं भेटिन्छन् । देशका सिर्जनशील एवं महत्वाकांक्षी युवाहरु पछिल्ला दिनमा जागिर खाने वा विदेशमा रमाउनेभन्दा स्वदेशमै विभिन्न पेसा व्यवसाय तथा उद्यमतर्फ आकर्षित भएको देखिन्छ । हुँदाखाँदाको शिक्षक पेसासहित सरकारी जागिर छोडी तथा विदेशबाट फर्की आधुनिक तरिकाले सागसब्जीखेती गर्ने वा अन्य पेसामा रमाउँदै राम्रो आयआर्जन गर्नेहरु पनि अहिले त्यतिकै भेटिन्छन् । आआफ्नो गाउँठाउँमा यसरी राम्रो गरेको देखेर त्यसैको सिको गरी विभिन्न पेसा व्यवसायबाट लाभान्वित हुनेहरु पनि प्रसस्त देखिन्छन् ।यसै सन्दर्भमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत देशकै करिब मध्यभागमा अवस्थित चितवनको भरतपुरसहित आसपासका क्षेत्रमा गच्छेअनुसारको पेसा व्यवसाय गरी आमसर्वसाधारणका लागि प्रेरणाको स्रोत बन्न सफल अनेकौं उदाहरणीय भेटिन्छन् । विशेषगरी शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, उद्यागधन्दा, व्यापार व्यवसायमा लगानी गर्ने अधिकाश व्यक्ति आफ्नो आर्थिक तथा सामाजिक हैसियत उच्च बनाइ प्रेरणाको स्रोत बन्न सफल भएका छन् ।यसैमध्येको एक हुन् चितवन भरतपुरका प्राविधिक धारका युवा दिनेश पौडेल । भरतपुरस्थित सरकारी अस्पतालको पाँच वर्षको जागिरपछि पेसा बदलेका फार्मेसी विषयका स्नातक पौडेल यस क्षेत्रका युवाका लागि प्रेरणाका स्रोत भएको भनी भरतपुरवासी गर्व गर्दछन् ।भरतपुर महानगरपालिका-६ इन्दपुरीका पौडेल भरतपुरको चौबीसकोठीमा फार्मेसी पसल खोली औषधि व्यापारबाट मनग्गे आम्दानी गर्न सफल हुनुभएको छ । औषधिको क्षेत्रमा अध्ययनसहित लामो समय काम गर्नुभएका पौडेल चिकित्सकबाट सिफारिस भईआएका औषधिको व्यवस्था गरी बिरामीलाई सक्दो सहयोग गर्ने काममा अहोरात्र खटिरहेका छन् । विसं २०६५ मा प्रेमबस्ती माविबाट एसएलसी उत्तीर्ण हुनुभएका पौडेलले 'स्कूल अफ हेल्थ साइन्स' भरतपुरबाट 'डिप्लोमा इन फार्मेसी' उत्तीर्ण गर्नुभयो । त्यसपछि 'मेडिकल एण्ड टेक्निकल कलेज'बाट फार्मेसीमा स्नातक उत्तीर्ण गर्नुभयो ।स्नातक गर्नुअघि नै विसं २०७२ देखि उहाँले भरतपुर अस्पतालको फार्मेसीमा जागिरेका रूपमा काम गर्नुभयो । अस्पताल विकास समितिको मातहतमा पाँच वर्ष सेवा गर्नुभयो । त्यसपछि जागिरबाट भन्दा आफैले व्यवसाय गर्नुपर्छ भन्ने सोचेर उहाँले जागिर छोड्नुभयो । पाँच वर्षअघिदेखि भरतपुरको चौबीसकोठीमा सालाई मेडिकल हल सञ्चालन गरेर पौडेलले व्यापार सुरू गर्नुभयो । योसँगै औषधिको होलसेल व्यापारका लागि फार्मेसी पनि सुरू गर्नुभयो । पौडेलले भन्नुभयो "जम्मा रू पाँच लाख लगानी गरेको मेडिकलमा अहिले रू एक करोडभन्दा बढी लगानी भइसकेको छ ।" फार्मेसीमा विज्ञता हासिल गरेकाले उहाँकोमा धेरै बिरामी औषधि किन्न आउँछन् । त्यसो त अरू फार्मेसीमा डाक्टरले लेखेको नबुझेपछि पुर्जा ( प्रेस्क्रिप्सन) बोकेर बिरामी आफूकहाँ आउने गरेको उहाँ बताउनुहुन्छ ।पौडेलले भन्नुभयो, "नेपालका ७७ जिल्ला र भारतमा लेखिएका पुर्जा समेत बोकेर म कहाँ औषधि लिन आउँछन् ।" अन्यत्र नपाइने औषधि आफूकहाँ रहेकाले पनि बिहान सबेरैदेखि राति अबेरसम्म औषधि किन्नेको भीड लाग्ने गरेको उहाँले बताउनुभयो ।पौडेलले भन्नुभयो, "म कहाँ नेपालका जुनसुकै डाक्टरले लेखेको औषधि पाइन्छ, अपवादबाहेक कोही पनि रित्तो हात फर्कनुपर्दैन ।"औषधिको 'होलसेल' व्यापारमा पनि उहाँ सन्तुष्ट हुनुहुन्छ । उहाँको औषधि पसलबाट १५ वटा नेपाली उद्योग र सात वटा भारतीय उद्योगको थोक व्यापार हुने गरेको छ । पौडेलले भन्नुभयो, "नेपालमा विशेषगरी प्राविधिक विषय पढेकाहरू विदेश जानुपर्दैन, लगानी र कामका लागि यही नेपालमा जस्तो सम्भावना अन्यत्र छैन, स्वदेशमै उद्यम गरी रोजगारीको वातावरा निर्माण गरौं, यसैमा हामी सबैको कल्याण छ ।"


भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट दोलखा,
बागमती प्रदेश, नेपाल ।

नायव पशु सेवा प्राविधिकको बिज्ञापन रद्ध गरिएको सम्वन्धी जरुरी सूचना !

(प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०४/१५गते)

भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को कार्यक्रम तर्फ नायव पशु सेवा प्राविधिक आवश्यकता सम्वन्धी मिति २०८१/०४/२० मा दीक्षण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विज्ञापन नं. ०२-०८१/०८२ विविध कारणवशः रद्ध गर्ने नगर कार्यपालिकाको मिति २०८२/०४/१२ गतेको ४५ औं बैठकले निर्णय गरेकोले उक्त विज्ञापन रद्द गरिएको छ। उक्त पदमा दरखास्त दिनुहुने उम्मेदवाहरुले यो सूचना प्रकाशित भएको मितिले ३ महिनाभित्र यस कार्यालयमा सम्पर्क गरी दरखास्त वापत बुझाएको रकम रु ५००/- (पाँच सय) बुझिलिन समेत सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त रकम बुझिलिन कार्यालयमा उपस्थित हुन नसक्ने उम्मेदवारले आफ्नो बैंक खाता रहेको बैंक तथा शाखाको नाम, खाता नम्बर वा चेकको फोटोकपी यस कार्यालयको ict.bhimeshwor@gmail.com वा info.bhimeshwormun.gov.np मा निवेदन पठाई दिनुहुन जानकारी गराईन्छ ।


# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट

**चरिकोट (दीस) :** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार उच्च अङ्कको गिरावट देखिएको छ । परिसूचक ४७ दशमलव ९३ अङ्कले घटेर २,९५४ दशमलव १४ विन्दुमा कायम भएको हो । जुन अघिल्लो दिनको तुलनामा १.५९ प्रतिशतको गिरावट हो।

बुधबार ३२७ कम्पनीका ३ करोड ६४ लाख १७ हजार ७४२ कित्ता शेयर १ लाख ४१ हजार ५२० पटक खरिदबिक्री भएका थिए । जसमा १६ अर्ब ४४ करोड १३ लाख ५४ हजार ४०८ रूपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

# बर्षात.....

भूमिगत पानीको सतह झन्झन् घटिरहेको छ । पहाडतिर गरा-कान्लामा गरिने धानखेती घट्दै गएका कारण पानीका मुहानहरु सुक्दै गएका छन् । किनकि त्यहाँ पनि पानी रोक्ने, माटो भिजाउने, भण्डारण गर्ने परम्परागत व्यवस्थापनहरु ध्वस्त हुँदै गइरहेका छन् । पानीसम्बन्धी समस्याको समाधान पानीकै व्यवस्थापनबाट आउँछ । हाम्रा परम्परागत व्यवस्था हुन् । खोला फर्काउने, भल छोप्ने, पोखरी निर्माण गर्ने, कुवा वा धारा जोगाउने । यी सबैको केन्द्रमा पानीको दीर्घकालीन सोच थियो । म सानो हुँदा मोरडको गछिया खोलामा विभिन्न ठाउँमा सेउले बाँध बाँधेर त्यसको पानीलाई पूर्वतर्फका विराटचोक वा खुर्सानेर दक्षिणतिरका खेतहरुमा पुऱ्याइन्थ्यो । सुकुना पैनीहरु पनि वर्षात्को पानी फर्काएर सिंचाइमा उपयोग गरिन्थ्यो । यी सबै व्यवस्था पुस्तौंदेखि चल्दै आएका थिए । खोइ त तिनीहरु आजभोलि ? यी कुरा सकाउने र ध्वस्त पार्ने हामी आफै होइनौं र ?झापा, मोरङ, सुनसरी जिल्लामा खेती हुने जुट कुहाउन हजारौं पोखरी खनिएका थिए । यी सबैले भूमिगत जलभण्डारको भरणपोषणमा उल्लेखनीय भूमिका खेलेका थिए । त्यसैले २५/३० फिटमै खानेपानीका कलहरुमा पानी आउने गर्थ्यो । अलि गहिरो गाड्यो भने त धारामा आफै पानी बग्थ्यो । यो सन्तुलन तहसनहस पार्ने पनि हामी नै हौं । माथिको वर्षात् ग्राफले देखाएको कुरा के हो भने पछिल्ला २५ वर्षमा औसतमा २००० मिलिमिटरभन्दा बढी नै वर्षा भएको छ । पानी हामीलाई चाहिनेभन्दा धेरै नै परिरहेको छ तर पहिलाजस्तो नियमित र अन्दाज गर्न मिल्ने तरिकाले होइन । अझ पछिल्लो समय एकैचोटि धेरै वा लामो खडेरीपछि परिरहेको छ । वर्षात्को रुपमा प्राप्त हुने पानीको सञ्चय र सदुपयोग बढाउन सकिन्छ । भूमिगत जलको दोहन घटाउँदै पुनर्भरणका संरचना विकास गर्न सकिन्छ । यसका लागि नीति निर्माणदेखि कार्यान्वयनसम्ममा राज्यले जोड दिनुपर्छ । स्यालो ट्युबेलको संख्या बढ्दै जाँदा खानेपानीका कलहरु सुक्दै गए किनकि स्यालो ट्युबेलले खानेपानीको कलभन्दा तलको पानी तान्छ । अब झन् गहिरो (डिप) ट्युबेलहरु बढ्दै गए, वरिपरिको स्यालो ट्युबेल सुक्ने मात्र होइन स्थानीय जलचक्र नै बिग्रिन्छ ।

पानी जहिल्यै तलतिर बग्ने प्रवृत्तिमा हुन्छ । त्यसैले अन्ततः हुने कुरा फेरि हाहाकार नै हो । सबैको समाधान भनेको भूमिगत जलको भरणपोषण प्रणाली नै हो, यसलाई सुधार्न आवश्यक छ । सतहमा रहेको पानीको अधिकतम सदुपयोग गरौं । जहाँ सकिन्छ त्यहाँ-त्यहाँ बग्ने पानीलाई रोक्न साझा प्रयास गरौं । धान रोप्ने सिजन क्रमशः सकिँदै छ । अब जतिसुकै तीव्र रुपमा अगाडि बढे पनि उपलब्ध स्रोत-साधनका कारण घोषणा गरिएका ५०० ट्युब-वेलहरु कार्यान्वयन भए पनि योपटकको धान बालीलाई सायदै उपयोगी हुनेछन् । त्यसैले अब अगाडिको बाटोबारे सोचौं र इमानदार भएर अघि बढौं ।

जमिनको सतह नजिकै बन्न थालेको कडा तहले पानी सोस्ने र भूमिगत जलभण्डारमा पुग्ने बाटोलाई अवरूद्ध गरिरहेको छ । यो तहलाई भत्काउनु अत्यावश्यक छ । यसका लागि ट्र्याक्टरमा जोडिने 'सबसोइलर' वा गहिरो जोत्ने हलोको प्रयोग सबैभन्दा प्रभावकारी हुन्छ । यसको उपलब्धता बढाएर तुरून्तै काम थाल्न सक्छौं । हरेक दुई-तीन वर्षमा एकपटक खेतमा यसको प्रयोग गरेर कडा तहको व्यवस्थापन गर्न सकिन्छ । विश्वमा उपलब्ध प्रविधिहरु (जस्तै : खडेरी सहन सक्ने, छिटो फल्ने बाली जातहरु; पानीको न्यूनतम प्रयोगमा आधारित सिंचाइ विधिहरु) लाई सरकारी संयन्त्रले अवरोध होइन अग्रसरता लिएर भित्र्याओस् । यस्ता प्रविधिलाई प्राथमिकता दिई परीक्षण र प्रसार गरौं । मैले बुझे अनुसार कृषिमा काम गर्ने सरकारी निकायहरु यस्तै कामकै लागि स्थापना गरिएका हुन् ।

विश्वविद्यालयहरुको भूमिकामा पुनर्विचार गरौं । कृषिसँग नजिक रहेका विश्वविद्यालयले केवल पठनपाठनमै सीमित नरही प्रविधि विकास र विस्तारको क्षेत्रमा अग्रसरता लिन थालुन् । विशेष गरी पूर्वाञ्चल विश्वविद्यालयसँग रहेको सयौं बिघा खाली जमिनको सदुपयोग गरौं । त्यसलाई समाज रुपान्तरणको नमुना स्रोत केन्द्रको रुपमा विकास गरौं । यो कार्य अरू धेरै संघ-संस्थासँगको सहकार्यमा सजिलै सम्भव छ । उपाय धेरै छन् । एउटा लेखमा सबै कुरा उल्लेख गरेर सम्भव छैन तर एउटा कुरा सधैं सम्भव छ : हामी जे बोल्छौं विचार गरेर बोलौं, बोलेपछि दिलोज्यान लगाएर पूरा गरौं । **(डा. उप्रेती नेपाल सरकारका पूर्वप्रशासक तथा धानविज्ञ हुन् । ) रातोपाटीबाट**